# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

परराष्ट्र मन्त्रालयका सचिव श्री नरेन्द्रविक्रम शाह पाकिस्तानको इस्लामावादमा हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को मन्त्रीस्तरीय बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री ईश्वरीराज पाण्डेयलाई मिति २०४६।७।२० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा इटालीको रोममा हुने विश्व खाद्य कृषि संगठनको २५ सौं अधिवेशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा) डा. हेरम्बबहादुर राजभण्डारीलाई मिति २०४६।७।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

सञ्चार मन्त्रालयका सचिव श्री विष्णुप्रताप शाह संयुक्त राज्य अमेरिकाको वाशिङ्टन डी. सी. मा हुने विश्व हुलाक संघको २० सौं महाधिवेशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री कालीप्रसाद रिजाललाई मिति २०४६।७।२५ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारको मिति २०४६।५।२३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरिएको छ ।

| क्र. सं. | नाम र थर | साबिक पद तथा कार्यालय | सरुवा भएको पद तथा कार्यालय |
|---|---|---|---|
| १. | श्री हरिनारायण श्रेष्ठ | शाखा अधिकृत, महाकाली अञ्चलाधीश कार्यालय | शाखा अधिकृत, केन्द्रीय सेवा विभाग । |
| २. | श्री मेघराज पाठक | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, दार्चुला | शाखा अधिकृत, धवलागिरि अञ्चलाधीश कार्यालय । |
| ३. | श्री प्रकाशबहादुर मल्ल | प्रशासकीय, अधिकृत जिल्ला कार्यालय, धादिङ | शाखा अधिकृत, गृह मन्त्रालय । |
| ४. | श्री भानुभक्त पोखरेल | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, बाग्लुङ | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, सिराहा । |
| ५. | श्री रमेशचन्द्र अधिकारी | शाखा अधिकृत, पंजिकाधिकारीको कार्यालय | शाखा अधिकृत, गृह मन्त्रालय । |
| ६. | श्री बिष्णुप्रसाद अर्याल | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, सिराहा | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, गोरखा । |
| ७. | श्री भगवान श्रेष्ठ | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, सुनसरी | शाखा अधिकृत, जि. का., सीमा प्रशासन शाखा, मुगु । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

२९८

## सूचना २

श्री ५ को सरकारको मिति २०४६।५।२३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीका वेहायका अधिकृतहरूलाई देहायबमोजिम पदस्थापन गरिएको छ ।

| क्र. सं. | नाम र थर | पदस्थापन भएको पद तथा कार्यालय |
|---|---|---|
| १. | श्री गंगासागर ढकाल | प्रशासकीय, अधिकृत, जिल्ला कार्यालय, धादिङ |
| २. | श्री शारदाप्रसाद त्रिताल | शाखा अधिकृत, गृह मन्त्रालय। |
| ३. | श्री भीमशेर रूम्वाली | शाखा अधिकृत, महाकाली अञ्चलाधीश कार्यालय । |
| ४. | श्री डिल्लीप्रसाद शिवाकोटी | शाखा अधिकृत, गृह मन्त्रालय । |
| ५. | श्री हरिबहादुर बी. सी. | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, दार्चुला । |
| ६. | श्री सूर्यनाथ कोइराला | प्रशासकीय अधिकृत, जिल्ला कार्यालय, बागलुङ । |
| ७. | श्री जगदीश रेग्मी | शाखा अधिकृत, पंजिकाधिकारीको कार्यालय । |

## सचना ३

श्री ५ को सरकारले जि. का. अर्घाखाँचीका प्र. जि. अ. श्री रेवतीराज काफ्ले घर बिदामा बस्नुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत, श्री बाबुराम पौडेललाई मिति २०४६।५।११ देखि का. मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९५

मुद्रण विभाग

## सूचना ४

श्री ५ को सरकारले जि.का. मनाङ का प्र.जि.अ. श्री तीर्थराज शर्मा ज्ञवाली घर बिदामा बस्नुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री बिन्दुराज सिग्देललाई मिति २०४६।५।१४ देखि का.मु. मुकरर गरेको छ।

आज्ञाले,
उद्धवप्रसाद बाँस्कोटा
कानून अधिकृत (उप-सचिव)

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले मिति २०४६।६।४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उप-सचिवस्तरका श्री बिदूर के.सी. लाई सोही सेवाको राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवस्तरको पदमा बढुवा गरी वाणिज्य मन्त्रालयको सह-सचिव पदमा पदस्थापन गरेको छ।

आज्ञाले,
विमलराज बस्नेत
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले मिति २०४६।५।२६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, सहायक सचिवस्तरको पदबाट श्री सुवासचन्द्र के.सी. ले दिनुभएको राजीनामा मिति २०४६।५।१ देखि लागू हुने गरी स्वीकृत गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
३२०